# आशय पत्र सम्बन्धी थप जानकारी तथा सर्तहरु :

१. विगतका आर्थिक वर्षहरुमा काठमाडौं महानगरपालिकाबाट नियुक्ति भएका लेखापरीक्षक मध्ये आफू खटिएको विद्यालयको लेखापरीक्षणको नियुक्ति नलिने, नियुक्ति लिएर कार्य सम्पन्न नगर्ने र समयमै तोकिए बमोजिम प्रतिवेदन नबुझाउने लेखापरीक्षकलाई छनोट गरिने छैन ।

२. लेखापरीक्षण सम्पन्न गरी ३ प्रति प्रतिवेदन तयार गरी एक प्रति सम्बन्धित विद्यालयमा, एक प्रति काठमाडौं महानगरपालिका शिक्षा विभागमा र एक प्रति आन्तरिक लेखापरीक्षण एकाइमा Hard copy पेश गर्नुपर्ने छ ।

३. प्रतिवेदनको Soft copy email: **internalaudit@kathmandu.gov.np** मा अनिवार्य रुपमा पठाउनु पर्नेछ । तोकिएको समयभित्र लेखापरीक्षण प्रतिवेदनको Hard copy र Soft copy नपठाउने लेखापरीक्षकको नियुक्ति पत्र वदर गरी सोको सट्टा सूचीमा रहेको लेखापरीक्षक खटाइने छ ।

४. लेखापरीक्षण वापत पाउने पारिश्रमिक लेखापरीक्षकले उपलब्ध गराउनु पर्ने लेखापरीक्षण प्रतिवेदनको Hard copy र Soft copy प्राप्त भए पश्चात उपलब्ध गराईने छ । लेखापरीक्षण गरे वापतको पारिश्रमिक काठमाडौं महानगरपालिका विद्यालय लेखापरीक्षण कार्यविधि, २०७५ मा तोकिए बमोजिम हुनेछ ।

५. तोकिएको समयभित्र र रितपूर्वक पेश नगरिएका आशय पत्र उपर कुनै कारवाही हुने छैन ।

६. प्रकाशित सूचनामा उल्लेख हुन नसकेका वा नभएका विषयका सम्बन्धमा प्रचलित नेपाल कानून अनुसार हुनेछ ।

७. लेखापरीक्षक नियुक्तिका लागि शिफारिस गर्ने वा नगर्ने सम्पूर्ण अधिकार छनौट समितिमा रहनेछ ।